# स्थानीय राजपत्र

**कालिगण्डकी गाउँपालिका, गुल्मीद्धारा प्रकाशित**

वर्ष ८ अंक १० २०८१ माघ १३ गते आइतबार


भाग ३

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## कालिगण्डकी गाउँपालिकाको

# व्यवसाय दर्ता तथा नविकरण सम्बन्धित कार्यविधि, २०८१

**स्वीकृत मितिः २०८१ माघ १३ गते आइतबार**

**प्रमाणीत मितिः २०८१ माघ १३ गते आइतबार**

# व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धि कार्यविधि, २०८१

## प्रस्तावना

कालिगण्डकी गाउँपालिका गुल्मीको क्षेत्रभित्र संचालित एवं सन्चालन हुने विभिन्न व्यवसायलाई व्यवस्थित तथा नियमन गरी गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत वृद्धि गर्ने गरी उपभोक्ता हित संरक्षण का साथै उद्योग, पशुपन्क्षी जन्य वस्तुहरुको उत्पादन वृद्धि बजारिकरण, व्यवसायीहरुको माध्यमबाट आर्थिक विकास र समृद्धि हासिक गर्न नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारलाई दिएको अधिकार क्षेत्र भित्र रहि "व्यवसाय दर्ता तथा नवीरकण सम्बन्धी कार्यविधि २०८१" तयार गरी लागु गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि २०८१" रहेको छ।

ख. यो कार्यविधि कालिगण्डकी गाउँपालिका क्षेत्रभर लागु हुनेछ। यस कार्यविधि बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा संस्थाको हकमा समेत लागू हुनेछ।

ग. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

ख. "गाउँपालिका" भन्नाले कालिगण्डकी गाउँपालिकालाई सम्झनु पर्दछ।

ग. "कार्यपालिका" भन्नाले कालिगण्डकी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

घ. "कार्यालय" भन्नाले कालिगण्डकी गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ।

ङ. "व्यवसाय" भन्नाले कालिगण्डकी गाउँपालिका क्षेत्रभित्र संचालन गरिने कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै प्रकृतिका व्यवसायिक कारोबार सम्झनु पर्दछ।

च. "व्यवसायी" भन्नाले व्यवसायको प्रोपराईटरलाई सम्झनु पर्दछ।

छ. "दर्ता" भन्नाले कुनैपनि व्यवसायलाई गाउँपालिका कार्यालयमा दर्ता गरि प्रमाणपत्र दिईने कार्यलाई सम्झनु पर्दछ।

ज. "वडा कार्यालय" भन्नाले कालिगण्डकी गाउँपालिका अन्तर्गतको वडा कार्यालय लाई सम्झनु पर्दछ।

झ. "गाउँ सभा" भन्नाले कालिगण्डकी गाउँपालिकाको सभालाई सम्झनु पर्दछ।

ञ. "बजार क्षेत्र" भन्नाले कालिगण्डकी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रहेको पूर्तिघाट बजार क्षेत्रलाई सम्झनु पर्दछ।

ट. "कर" भन्नाले ऐन र यस कार्यविधि बमोजिम कालिगण्डकी गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको व्यवसायमा पूँजिगत लगानी वा व्यवसायको प्रकृति वा आर्थिक कारोबारका आधारमा वर्गिकरण गरि दर्ता र नविकरणमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनु पर्दछ र सो शब्दले व्यवसायको करको अतिरिक्त प्रचलित कानून बमोजिम सो मा लाग्ने व्याज हर्जाना वा शुल्क वा जरिवाना समेतलाई जनाउछ।

ठ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कालिगण्डकी गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी सम्झनु पर्दछ।

## परिच्छेद-२
## व्यवसाय दर्ता सम्बन्धि व्यवस्था

३. कालिगण्डकी गाउँपालिका क्षेत्रभित्र व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले अभिलेख प्रयोजनको लागि कालिगण्डकी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा व्यवसाय दर्ता गर्नु पर्नेछ। तर व्यवसाय संचालन गर्नुपूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने दायित्व सम्बन्धित व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाको हुनेछ।

४. यो कार्यविधि प्रारम्भ हुनु अगावै कालिगण्डकी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा दर्ता नगरी संचालन भैरहेका व्यवसाय समेत यस कार्यविधि बमोजिम अनिवार्यरुपमा दर्ता गराउनु पर्नेछ।

५. मदिरा तथा सुर्तिजन्य पदार्थको व्यवसाय दर्ता भए कालिगण्डकी गाउँपालिकाको मुख्य बजार क्षेत्र बाहेक अन्य क्षेत्रमा सार्वजनिक स्थल विद्यालय, स्वास्थ्य संस्था, मठ मन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्वका स्थानबाट १०० मिटर टाढा हुनु पर्नेछ, विहान १० बजे देखि रातीको १० बजे सम्म मात्र विक्री गर्ने साथै मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन निर्देशिका २०६५ का शर्त पालन गर्न व्यवसायीले मञ्जुर गरेको व्यहोरा सम्बन्धित वडा कार्यालयबाट तयार पारिने स्थलगत सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस पत्रमा स्पष्टरुपमा उल्लेख भएको हुनु पर्नेछ।

६. कुनै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक छुट्टाछुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ।

७. एक पटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असूल गरिनेछ।

८. यस कार्यविधि बमोजिम देहायमा उल्लेखित प्रक्रिया एवं कागजात संलग्न राखी व्यवसायीले आवेदन गरेमा गाउँपालिका कार्यालयद्वारा व्यवसाय दर्ता गरि अनुसुची- ६ बमोजिमको व्यवसाय दर्ता प्रमाण-पत्र उपलब्ध गराउने छ।

क. अनुसूची-१ को ढाँचामा निवेदन।

ख. वडा कार्यालयको सिफारिस

ग. वडा कार्यालयद्वारा तयार पारिएको स्थलगत सर्जमिन मुचुल्का र व्यवसाय संचालन गर्ने स्थानको चार किल्लामा रहेका व्यक्तिहरुको सहमति तर यस कार्यालयमा दर्ता हुनु भन्दा अघि अन्य सरकारी निकायमा दर्ता भई चालु रहेको व्यवसायको हकमा सर्जमिन मुचुल्का नभए पनि व्यवसाय दर्ता गर्न सकिनेछ।

घ. व्यवसायीको ना.प्र.प.को प्रतिलिपि।

ङ. व्यवसाय गर्ने घर/भवन रहेको स्थानको कित्ता नम्बर देखिने ज.ध.प्रमाण पूर्जाको प्रतिलिपि।

च. अर्कै व्यक्तिको सटर/कोठा भाडामा लिई व्यवसाय गर्ने भएमा सम्झौताको प्रतिलिपि।

छ. भाडामा दिने व्यक्तिको ना.प्र.प.को प्रतिलिपि।

ज. व्यवसाय गर्ने सटर/भवन प्रति जमिनमा रहेको भएमा वडा कार्यालयको सिफारिस पत्रमा सो व्यहोरा समेत उल्लेख भएको हुनुपर्ने।

झ. दुई प्रति पासपोर्ट साइजको फोटो।

ञ. व्यवसाय कर तिरेको रसिद।

ट. व्यवसाय संचालन गर्ने व्यक्ति स्वयं उपस्थित हुनुपर्नेछ।

९. वित्तिय संस्था/बैंक वा अन्य संस्थाको हकमा आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, कम्पनि दर्ताको प्रमाणपत्रको प्रतिलिपि संस्थाको विधान, शाखा खोल्ने अनुमति पत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

## परिच्छेद-३

## नविकरण सम्बन्धि व्यवस्था

१०. यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा व्यवसाय दर्ता गरिसकेपछि देहायका कागजात संलग्न राखी प्रत्येक आर्थिक वर्ष समाप्त भएको ९० दिन भित्र सो आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नु पर्नेछ।

क. व्यवसाय दर्ता प्रमाणपत्रको संङ्कल।

ख. आर्थिक ऐनमा तोकेबमोजिम नविकरण दस्तुर तिरेको रसीद।

ग. अनुसुची- २ को ढाँचामा निवेदन।

## परिच्छेद-४

## व्यवसाय नामसारी सम्बन्धि व्यवस्था

११. यस कार्यविधि बमोजिम गाउँपालिकामा दर्ता भएको कुनै पनि व्यवसाय तपसिलको अवस्थामा एउटा व्यक्तिको नामबाट अर्को व्यक्तिको नाममा नामसारी गर्न सकिनेछ।

क. व्यवसायीको मृत्यु भएमा।

ख. कुनै व्यवसायीले आफ्नो व्यवसाय अर्को व्यक्तिलाई विक्री गरेमा।

ग. व्यवसायी वेपत्ता भएमा।

घ. व्यवसायी असक्त भई निजले आफ्नो व्यवसाय आफ्नो अंशियारको नाममा नामसारी गर्न चाहेमा।

ङ. व्यवसायीको मगज विग्रेको चिकित्सकले प्रमाणित गरेमा।

च. साझेदारी व्यवसाय एकल गर्नु परेमा।

**१२.** दफा ११ को सबै उपदफा बमोजिम नामसारी प्रयोजनका लागि तपसिलमा उल्लेखित कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा रितपूर्वको निवेदन पेश गर्नुपर्नेछ।

क. अनुसूची-३ को ढांचामा निवेदन।

ख. व्यवसायीको मृत्यु भएमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि, वेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालयको सिफारिस, मगज विग्रेको भएमा मान्यता प्राप्त मेडिकल अधिकृतको प्रमाण-पत्र र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, अन्य व्यक्तिलाई व्यवसाय विक्री गरेमा सोको प्रमाण र साझेदारी व्यवसाय एकल गर्नु परेमा दुवै पक्षको सहमती र व्यवसाय विक्रि गरेको प्रमाण।

ग. दफा ११ को क, ग,घ, र ङ को अवस्थामा नाता प्रमाणपत्रको प्रतिलिपी।

घ. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी।

ङ. साविकको व्यवसायी र नामसारी गर्नु पर्ने व्यवसायीको ना.प्र.प.को प्रतिलिपी।

१३. दफा १२ अनुसार संलग्न प्रमाणहरुको आधारमा गाउँपालिका कार्यालयद्वारा आवश्यक छानविन गरी तोकिए बमोजिमको दस्तुर लिई व्यवसाय नामसारी गरिने छ।

## परिच्छेद-५
## व्यवसाय दर्ता खारेजी सम्बन्धी व्यवस्था

१४. कुनै व्यवसायीले व्यवसाय वन्द गर्न चाहेमा कानून बमोजिम लाग्ने कर बुझाई व्यवसाय खारेज गर्न तपसिलमा उल्लेखित कागजात संलग्न राखी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

क. अनुसूची-४ को ढाँचामा निवेदन।

ख. सम्बन्धित वडा कार्यालयको सिफारिस।

ग. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र सक्कल।

घ. नवीकरण गर्दा बुझाएको प्रमाण वा रसीद।

ङ. व्यवासायी स्वयम् उपस्थित हुनुपर्नेछ।

१५. दफा १४ अनुसारका कागजातहरुको आधारमा व्यवसाय दर्ता खारेज गर्न मनासिव देखिएमा दर्ता खारेज गरिनेछ।

१६. प्रचलित कानून बिपरित कारोबार गरेमा वा पेशा व्यवसाय सञ्चालन गरेमा र व्यवसाय संचालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्वार उलघंन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरि बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह असुल गर्नेछ।

## परिच्छेद-६
## व्यवसाय रहने स्थान र व्यवसायको नाम परिवर्तन सम्बन्धी व्यवस्था

१७. यस कार्यविधि बमोजिम एउटा वडामा भाडाको घरमा रहेको व्यवसाय अर्को वडामा स्थानान्तरण गर्न वा एउटै वडाभित्र पनि स्थान परिवर्तन गर्नुपरेमा देहाय अनुसारका कागजात संलग्न राखी गाउँपालिका कार्यालयमा निवेदन दिनु पर्नेछ ।

क. अनुसूची-५ को ढाँचामा निवेदन ।

ख. पहिलेको घरधनी संग सम्झौता भंग भएको प्रमाण ।

ग. नयाँ घरधनी संग भएको सम्झौताको प्रतिलिपि ।

घ. नयाँ घरधनीको ना.प्र.प.को प्रतिलिपि ।

ङ. व्यवसाय रहने सटर/कोठा रहेको जग्गाको कि.न. स्पष्ट देखिने ज.ध.प्रमाण पुर्जाको प्रतिलिपि ।

च. नयाँ स्थानमा व्यवसाय सार्नको लागि वडा कार्यालयद्धारा तयार गरिएको स्थलगत सर्जमीन मुचुल्का ।

छ. वडा कार्यालयको सिफारिस साथै सो वडाको सिफारिसमा व्यवसाय संचालन गर्ने कित्ता नं.खुलेको हुनु पर्नेछ ।

१८. यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा दर्ता भई सकेको व्यवसायको नाम परिवर्तन गर्नुपरेमा तपसिलमा उल्लेखित कागजात संलग्न राखी गाउँपालिकाको कार्यालयमा रितपूर्वको निवेदन दिनुपर्नेछ । र गाउँपालिका कार्यालयले उचित ठहर्याएमा व्यवसायको नाम परिवर्तन गर्न सक्ने छ ।

क. अनुसूची -६ को ढाँचामा निवेदन ।

ख. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

ग. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि र सक्कल ।

घ. नवीकरण दस्तुर बुझाएको रसिद ।

ङ. साविकको व्यवसाय र हालको व्यवसायको प्रकृति फरक हुने भएमा वडा कार्यालयद्धारा तयार पारीएको स्थलगत सर्जमीन मुचुल्का । तर

१९. एउटै नाममा एकै प्रकृतीका एक भन्दा बढि व्यवसाय दर्ता भएमा पछिल्लो दर्ता भएको व्यवसायको नाम परिवर्तन गर्न सकिनेछ ।

## परिच्छेद-७
## व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी व्यवस्था

२०. यस कार्यविधि बमोजिम गाउँपालिका कार्यालयमा व्यवसाय दर्ता गरि सकेपछि व्यवसायीले प्राप्त गरेको व्यवसाय दर्ता प्रमाण-पत्र हराएमा वा नष्ट भएमा प्रमाणपत्रको प्रतिलिपी प्राप्तीको लागी व्यवसायीले देहायका कागजातहरु संलग्न राखी निवेदन दिनु पर्नेछ ।

क. अनुसूची -७ को ढाँचामा निवेदन ।

ख. वडा कार्यालयको सिफारिस ।

ग. व्यवसायीको ना.प्र.प.को प्रतिलिपि ।

२१. दफा २० अनुसारको संलग्न प्रमाणको आधारमा तोकीएको दस्तुर लिई व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि उपलब्ध गराईनेछ । तर विपदको कारणले नष्ट भएको प्रमाण पेश गरेमा दस्तुरमा तिर्नुपर्नेछैन ।

२२. नविकरण गर्ने तालिका भरिएका कारण दर्ता प्रमाण-पत्र नवीकरण गर्नु परेमा कार्यालयले नविकरणशुल्क नलिईकन दर्ता प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-८

## व्यवसाय दर्ता/नवीकरण नगरी संचालन गरेमा कार्वाही हुने ।

२३. प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्र भित्र संचालन गरेको पाइएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

२४. दफा २३ बमोजिम व्यावसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा कार्यालयबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु रोक्का गर्ने सक्नेछ साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा सुविधाहरु रोक्का गर्न सकिनेछ ।

२५. दफा २४ बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिना भित्र व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय बन्द गरी लाग्ने कर जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

२६. कार्यालयले ऐन तथा यस कार्यविधि बमोजिम तिर्नु पर्ने, बुझाउनु पर्ने कर रकम नतिरेमा व्यक्ति वा संस्थाको नाम कार्यपालिकाबाट निर्णय गरि सार्वजनिक गर्न सकिनेछ ।

## परिच्छद-

## विविध

२७. कार्यालयले यस कार्यविधि बमोजिम ब्यवसायको दर्ता, नविकरण, नामसारी र खारेजी सम्बन्धी कार्यको सहजताका लागि व्यवसायीहरुलाई पायक पर्ने स्थानमा घुम्ती सेवा संचालन गर्न सक्नेछ ।

२८. कार्यालयले व्यवसाय/फर्मको अनुगमन तथा निरीक्षण गरी कालिगण्डकी गाउँपालिका क्षेत्रभित्र रहेका व्यवसायहरु यस कार्यविधि बमोजिम दर्ता भए नभएको यकिन गरी दर्ता गर्न निर्देशन दिन सकिनेछ ।

२९. गाउँपालिकाले दिएको निर्देशन पालना गर्नु प्रत्येक व्यवसायीको कर्तब्य हुनेछ ।

३०. यो कार्यविधि लागु हुनु पूर्व गाउँपालिका कार्यालयमा दर्ता भएका व्यवसायहरु यसै कार्यविधि बमोजिम दर्ता भएको मानिनेछ ।

३१. गाउँपालिका कार्यालयले दिएको निर्देशन पालना नगर्ने वा आफ्नो व्यवसाय दर्ता गर्न अटेरी गर्ने व्यवसायीलाई गाउँपालिका कार्यालय अथवा सम्बन्धित वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधा रोक्का राख्न सकिनेछ ।

३२. यस कार्यविधि बमोजिम एकपटक यस गाउँपालिका कार्यालयमा एक प्रकारको व्यवसाय दर्ता भईसकेपछि त्यसमा तोकिएको दस्तुर लिई एकै प्रकृतिको व्यवसाय बाहेक अन्य प्रकृतिको अर्को व्यवसाय थप गर्न पाईने छैन ।

३३. व्यवसायीले नेपालको प्रचलित श्रम ऐन तथा श्रम संग सम्बन्धित प्रचलित नियम कानूनको पूर्ण पालना गर्नु पर्नेछ ।

३४. संघीय तथा प्रदेश कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण तथा बातावरणीय प्रभाव मूल्याङ्कन गरी संचालन गर्नुपर्ने व्यवसायको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृती लिनुपर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

३५. कालिगण्डकी गाउँपालिका भित्र सञ्चालन हुने उद्योग वा व्यवसायले उत्पादन वा उत्सर्जन गरेको फोहोरमैला र प्रदूषणको व्यवस्थापन गर्ने जिम्मावारी स्वयम् व्यवसायीकै हुनेछ ।

३६. व्यवसाय संचालनको क्रममा उत्पादन हुने औद्योगिक, स्वास्थ्य संस्थाजन्य र हानिकारक फोहोरमैला बाहेकको अन्य साधारण फोहोरमैला गाउँपालिकाले चाहेमा तोकेको सेवाशुल्क लिई व्यवस्थापन गरिदिन सक्नेछ।

३७. यस कार्यविधिको पालना गर्नु पर्ने प्रत्येक गाउँपालिकाको कर्तव्य हुनेछ।

३८. यस कार्यविधि कार्यान्वयनको लागि कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतमा निहित रहेको अधिकार अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३९. यस कार्यविधि अन्तर्गत रही कार्यान्वयन गर्न गाउँपालिकाले अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ।

४०. यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउन अधिकार गाउँपालिकालाई हुनेछ।

४१. यस कार्यविधिमा लेखिएका कुराहरु यसै कार्यविधि बमोजिम र नलेखिएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

# अनुसूची-१

व्यवसाय दर्ता निवेदन फारम

मितिः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
कालिगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी ।

विषयः- व्यवसाय दर्ता सम्बन्धमा ।

मैले/हामीले देहायका स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै कालिगण्डकी गाउँपालिकाबाट दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौ । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौ ।

१. व्यवसायीको नाम, थर ..................................................................................................
   (फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम र संस्थाको छाप समेत)
२. व्यवसायीको स्थायी ठेगानाः
   जिल्लाः गुल्मी गाँउपालिकाः कालिगण्डकी वडा नं. ........... टोल ............................
३. व्यवसायीको बुबा/पति/को नाम थर ...........................................................................
४. व्यवसाय रहने स्थानको ठेगानाः वडा ............ टोल ......................................................
५. सम्पर्कः इमेल ................................................... मोबाइल नं.........................................
६. भाडामा भएको भए घर/जग्गाधनीको नामथर ..................................................................
७. व्यवसायको किसिम/ प्रकृति ..........................पूँजी लगानी रु ............................................
   स्थीर पूँजी ................................................, चालु पूँजी .................................................
८. फर्म/कम्पनीको नामः ....................................................................................................
९. परिचय पाटीको साइजः लम्बाई ............................ चौडाई ...................... वर्गफिट ............
१०. अन्यत्र दर्ता भए दर्ता नं. ..............................................., कार्यालय ...............................
११. संलग्न कागजातहरुः
   क. वडाको सिफारिस ।
   ख. कर तिरेको रसिद ।
   ग. व्यवसायीको ना.प्र.प.को प्रतिलिपि ।
   घ. सर्जमीन मुचुल्का/चाल किल्ला प्रमाणित ।
   ङ. व्यवसाय गर्ने सटर रहेको स्थानको कित्ता नम्बर देखिने ज.ध.प्रमाण पूर्जाको प्रतलिपि ।
   च. अर्को व्यक्तिको सटर/भवन लिई व्यवसाय गर्ने भएमा सम्झौताको प्रतिलिपि ।
   छ. भाडामा दिने व्यक्तिको ना.प्र.प.को प्रतिलिपि
   ज. दुई प्रति पासपोर्ट साइजको फोटो ।

**<u>निवेदक</u>**

दस्तखत..............................
नामथर................................
ठेगाना....................................
मोबाइल नं..................................

## अनुसूची-२

### व्यवसाय नविकरण फारम

मितिः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

कालिगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

पूर्तिघाट, गुल्मी ।

विषयः- व्यवसाय नविकरण सम्बन्धमा ।

मैले/हामीले देहायका स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय नवीकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै कालिगण्डकी गाउँपालिकाबाट दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौ । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौ ।

१२. व्यवसायीको नाम, थर ...........................................................................................

(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम र संस्थाको छाप समेत)

१३. व्यवसायीको स्थायी ठेगानाः

जिल्लाः गुल्मी गाँउपालिकाः कालिगण्डकी वडा नं. ........... टोल ............................

१४. व्यवसायीको बुबा/पति/को नाम थर ..........................................................................

१५. व्यवसाय रहने स्थानको ठेगानाः वडा ............ टोल ..............................................................

१६. सम्पर्कः इमेल .................................................. मोबाइल नं..........................................

१७. भाडामा भएको भए घर/जग्गाधनीको नामथर ..........................................................................

१८. व्यवसायको किसिम/ प्रकृति ...........................पूँजी लगानी रु ...............................................

स्थीर पूँजी ..............................................., चालु पूँजी ...................................................

१९. फर्म/कम्पनीको नामः ...........................................................................................

२०. परिचय पाटीको साइजः लम्बाई ............................ चौडाई ...................... वर्गफिट ............

२१. दर्ता नं. ............................................, संचालन/जारी गरेको मिति ...................................

२२. संलग्न कागजातहरुः

क. व्यवसाय दर्ता प्रमाणपत्र सक्कल ।

ख. नवीकरण दस्तुर तिरेको रसिद ।

**<u>निवेदक</u>**

दस्तखत..............................

नामथर...............................

ठेगाना....................................

मोबाइल नं..................................

**अनुसूची-३**

व्यवसाय नामसारी फारम

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
कालिगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी।

विषयः- व्यवसाय नामसारी सम्बन्धमा।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेको व्यवसाय नामसारी गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै कालिगण्डकी गाउँपालिकाबाट दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौ। साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौ।

१. व्यवसायीको नाम, थर ..........................................................................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम र संस्थाको छाप समेत)

२. व्यवसायीको स्थायी ठेगानाः
जिल्लाः गुल्मी गाँउपालिकाः कालिगण्डकी वडा नं. ........... टोल ............................

३. व्यवसायीको बुबा/पति/को नाम थर .......................................................................

४. व्यवसाय रहने स्थानको ठेगानाः वडा ............ टोल ..................................................

५. सम्पर्कः इमेल .................................................. मोबाइल नं.........................................

६. भाडामा भएको भए घर/जग्गाधनीको नामथर ......................................................................

७. व्यवसायको किसिम/ प्रकृति ..........................पूँजी लगानी रु ............................................
स्थीर पूँजी ............................................., चालु पूँजी .................................................

८. फर्म/कम्पनीको नामः ..............................................................................................

९. परिचय पाटीको साइजः लम्बाई ............................ चौडाई ....................... वर्गफिट ............

१०. दर्ता नं. ............................................., संचालन/जारी गरेको मिति ....................................

११.नामसारी गर्नु पर्ने कारण ...........................................................................................

१२.संलग्न कागजातहरुः

क. व्यवसाय दर्ता प्रमाणपत्र सक्कल।

ख. नवीकरण दस्तुर तिरेको रसिद।

ग. व्यवसायीको मृत्यु भएमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी वेपत्ता भएमा ईलाका प्रहरी कार्यालयको सर्जमीन मुचुल्का र सम्बन्धित वडा कार्यालको सिफारिस मगज विग्रोको भएमा मान्यता प्राप्त मेडिकल अधिकृतको प्रमाणपत्र र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र अन्य व्यक्तिलाई व्यवसाय विक्री गरेमा सोको प्रमाण र साझेदारी व्यवसाय एकल गर्नु परेमा दुवै पक्षको सहमती र व्यवसाय विक्री गरेको प्रमाण।

घ. नाता प्रमाण प्रत्रको प्रतिलिपि।

ङ. साविकको व्यवसायी नामसारी गर्नुपर्ने व्यवसायीको सहमती र ना.प्र.प.को प्रतिलिपि।

**निवेदक**

दस्तखत.............................
नामथर...............................
ठेगाना...................................
मोबाइल नं..................................

## अनुसूची-४

### व्यवसाय बन्द वा खारेज

मितिः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
कालिगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी ।

विषयः- व्यवसाय बन्द वा खारेज सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय बन्द/ खारेज गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै कालिगण्डकी गाउँपालिकाबाट दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौ । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौ ।

१. व्यवसायीको नाम, थर ..........................................................................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम र संस्थाको छाप समेत)
२. व्यवसायीको स्थायी ठेगानाः
जिल्लाः गुल्मी गाँउपालिकाः कालिगण्डकी वडा नं. ........... टोल ............................
३. व्यवसायीको बुबा/पति/को नाम थर ........................................................................
४. व्यवसाय रहने स्थानको ठेगानाः वडा ............ टोल ...............................................
५. सम्पर्कः इमेल .................................................... मोबाइल नं.........................................
६. भाडामा भएको भए घर/जग्गाधनीको नामथर .........................................................
७. व्यवसायको किसिम/ प्रकृति ..........................पूँजी लगानी रु .........................................
स्थीर पूँजी ..............................................., चालु पूँजी ..................................................
८. फर्म/कम्पनीको नामः ..............................................................................................
९. परिचय पाटीको साइजः लम्बाई ............................. चौडाई ....................... वर्गफिट ............
१०. दर्ता नं. ..............................................., संचालन/जारी गरेको मिति ....................................
११.बन्द/खारेज गर्नु पर्ने कारण ...................................................................................
१२.संलग्न कागजातहरुः
क. व्यवसाय दर्ता प्रमाणपत्र सक्कल ।
ख. चालु आ.व. सम्मको नवीकरण दस्तुर बुझाएको रसिद ।
ग. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
घ. नाता प्रमाण प्रत्रको प्रतिलिपि ।
ङ. साविकको व्यवसायी नामसारी गर्नुपर्ने व्यवसायीको सहमती र ना.प्र.प.को प्रतिलिपि ।

**निवेदक**
दस्तखत..............................
नामथर...............................
ठेगाना...................................
मोबाइल नं...................................

## अनुसूची-५

### व्यवसाय रहने स्थान र व्यवसायको नाम परिवर्तन सम्बन्धी फारम

मितिः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
कालिगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी ।

विषयः- व्यवसाय रहने स्थान/व्यवसायको नाम परिवर्तन सम्बन्धि सम्बन्धमा ।

मैले/हामीले निम्न स्थानमा व्यवसाय दर्ता गरि संचालन गरि रहेकोले व्यवसाय रहने स्थान/व्यवसायको नाम परिवर्तन गर्न आवश्यक कागजात सहित दरखास्त गर्द आएको छु/छौ । नियमानुसार लाग्ने कर बुझाउनुको साथै कालिगण्डकी गाउँपालिकाबाट दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौ । साथै हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौ ।

१. वसायीको नाम, थर ........................................................................................
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम र संस्थाको छाप समेत)
२. व्यवसायीको स्थायी ठेगानाः
जिल्लाः गुल्मी गाँउपालिकाः कालिगण्डकी वडा नं. ........... टोल ........................................
३. व्यवसायीको बुबा/पति/को नाम थर ..........................................................................
४. व्यवसाय रहने स्थानको ठेगानाः वडा ............ टोल ...................................................
५. सम्पर्कः इमेल ................................................ मोबाइल नं...................................................
६. भाडामा भएको भए घर/जग्गाधनीको नामथर .........................................................
७. व्यवसायको किसिम/ प्रकृति ..........................पूँजी लगानी रु ...................................................
स्थीर पूँजी .............................................., चालु पूँजी ..........................................................
८. फर्म/कम्पनीको नामः ...........................................................................................
९. परिचय पाटीको साइजः लम्बाई ............................ चौडाई ...................... वर्गफिट .....................
१०. दर्ता नं. ............................................, संचालन/जारी गरेको मिति ............................................
११.व्यवसाय रहने स्थान/व्यवसाय नाम परिवर्तन गर्न कारण ....................................................
१२.व्यवसाय संचालन हुने नयाँ स्थान कालिगण्डकी गाउँपालिका वडा नं. ...... टोलको नाम ............................
१३.परिवर्तन हुने व्यवसाय/फर्म/कम्पनीको नाम .......................................................................
१४.संलग्न कागजातहरुः

क. पहिले घरधनी संग सम्झौता भंग भएको प्रमाण ।
ख. नयाँ घरधनीको ना.प्र.प.को प्रतिलिपि ।
ग. व्यवसाय रहने सटर/भवन रहेको जग्गाको कि.न.स्पष्ट देखिने ज.ध.प्रमाण पूर्जाको प्रतिलिपि ।
घ. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
ङ. नयाँ स्थानमा व्यवसाय सार्नको लागि वडा कार्यालय द्धारा तयार गरिएको स्थलगत सर्जमिन मुचुल्का ।
च. साविकको व्यवसायी नामसारी गर्नुपर्ने व्यवसायीको सहमती र ना.प्र.प.को प्रतिलिपि ।

**निवेदक**

दस्तखत..............................
नामथर...............................
ठेगाना....................................

मोबाइल नं..................................

अनुसूची-६

# कालिगण्डकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पूर्तिघाट, गुल्मी

लुम्बिनी प्रदेश नेपाल

## व्यवसाय दर्ता प्रमाण-पत्र

**प्रमाण पत्र संख्याः**

**दर्ता नं.**

**जारी मितिः**

**१. व्यवसायीको नाम, थरः**

**२. व्यवसाय संचालन गर्ने स्थानः**

**३. व्यवसायीको ठेगानाः**

**स्थायीः**

**अस्थायीः**

**४. बाबुको नामः**

**५. फर्मको नामः**

**६. व्यवसायको किसिमः**

**७. व्यवसाय संचालन मितिः**

**८. स्वामित्व**

**९. श्रेणीः**

**१०. लगानी पूँजीः**

| ..................... | ..................... | ..................... |
|---|---|---|
| **संचालकको हस्ताक्षर** | **फाँटवालाको दस्तखत** | **प्रमाणित गर्नेको दस्तखत** |

<u>केही महत्वपूर्ण नियम तथा जानकारीहरु</u>

१. यो प्रमाणपत्र आफ्नो व्यवसाय/पसलमा सबैले दख्ने गरी राख्नु पर्नेछ।

२. प्रत्येक आ.व.का लागि कायम हुने व्यवसाय आर्थिक वर्ष सुरु भएको ९० दिन भित्र नविकरण गर्नु पर्नेछ।

३. व्यवसाय कर भुक्तानी नगरी बाँकी हुन आएमा सोही वर्षको आर्थिक ऐन बमोजिम विलम्ब शुल्क लाग्नेछ।

४. नविकरण गराई बक्यौता कायम हुन आएमा तोकिए बमोजिम जरिवाना रकम भुक्तान भए पछि मात्र पुनः नविकरण गर्न सकिनेछ।

५. व्यवसाय कर भुक्तानी गर्न आउँदा यो प्रमाण-पत्रको सक्कलै लिई आउनु पर्नेछ।

६. व्यवसाय वन्द गर्दा वा गाउँपालिका बाहिर सार्दा लगत कट्टाका लागि गाउँपालिका कार्यालयमा जानकारी गराउनु पर्नेछ।

७. व्यवसाय फर्मको नाम किसिम, स्थान, स्वामित्व आदि परिवर्तन वा संशोधन गर्दा गाउँपालिकालाई जानकारी दिनुपर्नेछ।

८. यो प्रमाण-पत्र सुरक्षित साथ राख्नु पर्नेछ। हराय वा नासिएमा आर्थिक ऐन बमोजिम भुक्तानी गरि प्रतिलिपि प्राप्त गर्न सकिनेछ।

९. अन्यकुराहरु प्रचलित कानुन तथा ऐन बमोजिम हुनेछ।

# नविकरण विवरण

| नविकरण | | भुक्तानी विवरण रकम रु | | | | | दस्तखत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्यरहने अवधि | राजस्व रकम | छुट | जरिवाना | जम्मा भुक्तानी | रसिद नं. | फाँटवाला | अधिकृत | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोटः प्रचलित ऐन, नियम र कालिगण्डकी गाउँपालिका बाट सयम-समयमा हुने निर्णय तथा निर्देशन तथा निर्देशिका साथै देहायमा उल्लेख नियमहरुको पालना गर्ने गरी उपरोक्त अनुसारको व्यवसाय/फर्म दर्ता गरी यो **प्रमाण-पत्र** प्रदान गरिएको छ।